# लिखु पिके गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८२

१. **प्रस्तावना :** कोशी प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा भएको कानुनी व्यवस्था अनुसार लिखु पिके गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/बढुवा सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न ऐनको दफा १५१ ले दिएको अधिकार प्रयोग गरी लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२ जेष्ठ ८ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

२. **सक्षिप्त नाम र प्रारम्भ : -**

(१) **यो कार्यविधिको नाम :** लिखु पिके गाउँपालिकाको कर्मचारी तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८२ रहेको छ।

(२) प्रारम्भ: यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

(३) क्षेत्र : यो कार्यविधि लिखु पिके गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ।

३. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' लाई सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले लिखु पिके गाउँपालिकाको कर्मचारी तह बृद्धि/ बढुवा सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पदर्छ।

(घ) "कार्यालय" भन्नाले लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले लिखु पिके गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(छ) " प्रदेश किताबखाना" भन्नाले कोशी प्रदेश किताबखानालाई सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखु पिके गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ) "तह वृद्धि" भन्नाले यस कार्यविधिको दफा ७ को उपदफा (१), (२), (५) र (६) बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(ञ) बढुवा भन्नाले यस कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम हुने बढुवालाई सम्झनु पर्दछ।

(ट) "तह कायम" भन्नाले यस कार्यविधिको दफा ७ को उपदफा ( ४) बमोजिम गरिने तह कायमलाई सम्झनु पर्दछ।

(ठ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

(ड) "परामर्श" भन्नाले 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा १०३ को उपदफा (३) मा भएको व्यवस्था भन्ने सम्झनु पर्दछ।

४. **सूचना प्रकाशन गर्ने :** (१) तह वद्धिको लागि 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २७ बमोजिम योग्यता पुगेका कर्मचारीहरुका लागि आवेदन पेश गर्न कम्तीमा एक महिना अगावै कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गरिनेछ।

(२) सूचनामा निवेदनका साथ संलग्न राख्नु पर्ने कागजात र निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ।

(३) प्रत्येक वर्ष मंसीर र जेष्ठ महिनामा तह वृद्धि सम्बन्धी सूचना प्रकाशन गरिने छ।

५. **निवेदन दिनु पर्ने :** निवेदनका साथ देहायका कागजात पेश गर्नुपर्ने छ।

(क) कम्तिमा तीन बर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई सक्कल निवेदन।

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ती/बढुवा /स्तरबृद्धी नियुक्ती/पदस्थापनाको प्रतिलिपि।

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि(समायोजन भएको हकमा)।

(घ) विभागीय सजाय नपाएको,निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र।

(ङ) पेशा सम्बन्धी व्यवसायीक परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि ( आवश्यक हुनेको हकमा मात्र) ।

(घ) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको सिफारिस समितिले माग गरेका अन्य कागजातहरु ।

६. **सिफारिस समिति :**

'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २७ को उपदफा (४) बमोजिम देहायको समिति रहनेछ।

प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

गाउँ कार्यपालिकाले तोकेको वा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत बरिष्ठ कर्मचारी - सदस्य

गाउँ कार्यपालिकाले तोकेको वा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत बरिष्ठ महिला कर्मचारी -सदस्य

७. **आवश्यक न्युनतम योग्यता र सेवा अवधि :** (१) स्थानीय सरकारी सेवाका कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएका कम्तिमा ३ वर्षको कार्य सम्पादन मुल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्युनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछ।

| क्र.स. | हालको तह | वृद्धि हुने तह | न्युनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाचौं | छैटौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाण पत्र तह वा कक्षा १२ उतीर्ण | स्वास्थ्य सेवा सम्बन्धि संघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| २ | सातौ | आठौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | स्वास्थ्य सेवा सम्बन्धि संघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| ३ | नवौ | दशौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | स्वास्थ्य सेवा सम्बन्धि संघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |

(२) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २८ को उपदफा (१) बमोजिम कार्य क्षमताको मुल्याङ्कन तथा जेष्ठता र कार्य सम्पादन मुल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाका लागि सम्भाव्य

उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा कम्तिमा तीन वर्षको कार्य सम्पादन मुल्याङ्कनमा औषतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनु अघिका असार मसान्त सम्म देहाय बमोजिमको न्युनतम सेवा अवधि र शैक्षिक योग्यता हुनु पर्नेछ :

| क्र.स. | बढुवा हुने पद | बढुवाका लागि लाग्ने सेवा अवधि | न्युनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | अधिकृत एघारौ | अधिकृत दशौ तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेका | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उतीर्ण गरेका | स्वास्थ्य सेवा सम्बन्धि संघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| २ | अधिकृत नवौ | अधिकृत आठौ तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेका | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण गरेका | स्वास्थ्य सेवा सम्बन्धि संघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| ३ | अधिकृत सातौ | अधिकृत छैठौ तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेका | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाण पत्र तह वा कक्षा १२ उतीर्ण गरेका | स्वास्थ्य सेवा सम्बन्धि संघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| ४ | सहायक पाचौं | सहायक चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेका | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस ई ई तह वा सो सरह उतीर्ण गरेका | स्वास्थ्य सेवा सम्बन्धि संघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |

८. **तह वृद्धि/मिलान सम्बन्धी विशेष व्यवस्था:-**

(१) **कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था** :- कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरवन्दी / पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

(२) कोशी प्रदेशको स्थानीय सरकारी सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (१७) र दफा २६ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम संघीय लोक सेवा/प्रदेश लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैठौ तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई छैटौ तहको नियुक्ती मिति देखि जेष्ठता कायम हुने गरी सातौ तह मिलान कायम गरी दिने।

९. **जेष्ठता कायम**: स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २८ को उपदफा (३) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ र श्रावणमा हुने निर्णय मितिबाट जेष्ठता कायम हुनेछ।

१०. **बाधा अडकाउ फुकाउने:-** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा सिफारिस समितिमा रहनेछ।

११. <u>तह वृद्धि गर्न नहुने:-</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछ:-

(क) निलम्बल भएकोमा निलम्बल भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बन अवधिभर।

१२. <u>तह वृद्धि गर्नु पर्ने :</u> कानुन बमोजिम तहवृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरी सक्नुपर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ को उपदफा (३) बमोजिम कार्यपालिकाले निर्णय गरी नियमानुसार तहवृद्धिको पत्र दिनु पर्नेछ।

**१३. तह वृद्धि भएका कर्मचारीको सेवा सुविधा:** (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

**१४. सार्वजनिक गर्नुपर्ने :** तह वृद्धि भएका कर्मचारीहरुको विवरण गाउँपालिकाको सूचना पाटी टाँस गर्नुपर्ने तथा वेभसाइटमा अनिवार्य प्रकाशन गर्नुपर्नेछ।

**१५. सचिवालय :** तह वृद्धि सम्बन्धी कार्य गर्न गाउँ कार्यापालिका कार्यालयको प्रशासन शाखाले सचिवालयको काम गर्ने छ।

१६. जानकारी दिनु पर्ने : यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१७. <u>उजुरी / गुनासो</u> : तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी / गुनासो गर्न सकिनेछ।

१८. **प्रचलित कानून बमोजिम हुने:-** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. **खारेजी र बचाउ:** लिखु पिके गाउँपालिकाको कर्मचारी तह बृद्धि/बढुवा सम्बन्धी कुनै कार्यबिधि,निर्देशिका भए/रहेमा सो कार्यबिधि,निर्देशिका यसै कार्यबिधि जारी भएपसश्चात स्वतः खारेज भएको मानिने छ।

अनुसूची १

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

## तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :   /  /

श्री अध्यक्ष ज्यू

तह वृद्धि सिफारीश समिति

**विषय : तह वृद्धि/बढुवा गरि पाउँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि/बढुवा सिफारीश समितिको मिति २०/   /   गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि/बढुवा हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

१. स्थायी नियुक्तिको पत्र ।

२. बढुवा भएको भए बढुवा पत्र ।

३. नेपाली नागरिकताको प्रमाण पत्र ।

४. शैक्षिक योग्यताको प्रमाण पत्र ।

५. .............

| हाल कार्य रत पद | तह बृद्धि/मिलान गरेको पद |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समुह: | समुह: |
| स्तर: | स्तर: |
| कार्यालय : | कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

## तह वृद्धि पत्रको ढाँचा

मिति: २० । ।

**विषय: तह वृद्धि गरिएको ।**

**महाशय,**

तपाईँलाई कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा .... को उपदफा.... र लिखु पिके गाउँपालिकाको कर्मचारीहरुको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि २०८० को दफा ..... को उपदफा..... मा भएको व्यवस्था बमोजिम यस कार्यालयको मिति ...... को तह वृद्धि/ कायम गर्ने निर्णय अनुसार प्रचलित कानुन बमोजिम नियमानुसार देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना कामना । तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन कानुनको परिधिमा रहेर पारदर्शी , निष्पक्ष, अनुसाशित भई सकारात्मक सोच र उर्जाका साथ कार्यसम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा लिइएको छ ।

तपसिल :

| **साविकको** | **कायम गरिएको** |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समुह: | समुह: |
| तह: | तह: |
| कार्यालय : | कार्यालय : |

**श्री ...............**

कर्मचारी सकेत नम्बर :

।                                                                 .....................

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री राष्ट्रिय किताबखाना निजामती पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश,विराटनगर ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कर्मचारी सञ्चयकोष, ठमेल काठमाडौं

श्री आर्थिक प्रशासन शाखा, , लिखु पिके गाउँपालिका गाँउ कार्यपालिको कार्यालय ।

अनुसूची १

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

**तह वृद्धिको लागि भर्नु पर्ने फाराम ढाँचा**

लिखु पिके गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौलाखर्क, सोलुखुम्बु , कोशी प्रदेश

**(तह वृद्धिको लागि भर्नु पर्ने फाराम )**

१. **सूचनाको विवरण :**

| | |
|---|---|
| तह वृद्धि सूचना नम्बर : | मिति : |
| तह वृद्धि हुने तहः | सेवा/समुह/उपसमुह : |

२. उम्मेदवारको विवरण :

| | |
|---|---|
| कर्मचारीको संकेत नम्बर : | |
| उम्मेदवारको नाम, थर (नेपालीमा) : | |
| उम्मेदवारको नाम, थर (अंग्रेजीमा) : | |
| ठेगाना र सम्पर्क नम्बर : | |
| बाबुको नाम, थर : | |
| आमाको नाम, थर : | |
| बाजे/बज्यैको नाम, थर : | |
| पति/पत्नीको नाम, थर : | |
| जन्म मिति : वि.सं | ई. सं |
| नागरिकता नम्बर : | जारी जिल्ला : |
| राष्ट्रिय परिचयपत्र नम्बर : | |
| बहाल रहेको कार्यालयको नाम र ठेगाना : | |
| सेवा :<br>पद : | समुह/उपसमुह :<br>तह : |
| पेशासँग सम्बन्धित व्यावसायी परिषद्को प्रमाणपत्रको अवधि : | |

३. हालको तह वा समायोजन हुनुभन्दा पहिलेको समान तहको पदमा तह वृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने सेवा अवधि : ............ वर्ष, ................. महिना, ............ दिन।

४. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन), २०८० को दफा २८ बमोजिम तह वृद्धिको लागि योग्य भएको /नभएको :

(क) हाल निलम्बनको अवधिमा रहेको/नरहेको :

(ख) नसिहतको सजाय भएको भए एक वर्ष बितेको/नबितेको :

(ग) हाल बढुवा रोक्का भएको/नभएको :

(घ) हाल तलबवृद्धि रोक्का भएको/नभएको :

(ङ) सेवा/समूह/उपसमूह परिवर्तन भएको नभएको :

(च) सेवा/समूह/उपसमूह परिवर्तन भएकोमा तीन वर्ष अवधि पुगेको/नपुगेको :

(छ) पेशासँग सम्बन्धित व्यावसायी परिषदले हाल निलम्बन गरेको/नगरेको :

५. कम्तिमा तीन बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेका कार्यालयहरुको विवरण :

| सि.नं | कार्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |

६. माथि उल्लेखित विवरणमा कुनै कुरा झुट्टा लेखिएको ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्ने :

कर्मचारीको नाम,थर :

संकेत नम्बर :

पद, तह :

दस्तखत :

मिति :

| ल्याप्चे सहीछाप | |
|---|---|
| | |
| दाँया | बायाँ |

७. उपरोक्त व्यहोरा मन्त्रालय/कार्यालयमा रहेको निजको अभिलेख अनुसारको हो र यसमा निजले मेरो रोहबरमा सहीछाप गरेको ठीक हो भनी प्रमाणित गर्ने अधिकृतको :

नाम, थर :

संकेत नं :

पद, तह :

दस्तखत :

मिति :

कार्यालयको छाप

| |
|---|
| |

प्रमुख प्रशासकीय अधिकृत